# मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

## दशौं वार्षिक साधारण सभाको काम कारवाहिको विवरण(माइन्यूट)

१. **वैधानिक सभा :**
कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनीको दशौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री बसन्त चन्द्र मरहट्टाज्यूको अध्यक्षतामा निम्नलिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय पारित भयो ।

२. **सभाको मिति, स्थान र समय :**
मिति : २०८० साल चैत्र महिना २९ गते विहिवार (तद्अनुसार अप्रिल ११,२०२४) ।
स्थान : लैनचौर व्यांक्वेट,लैनचौर,काठमाण्डौ
समय : विहान ११:०० बजे प्रारम्भ भई दिउँसो २:३० बजे सम्म

३. **सभाको सूचना :**
कम्पनी ऐन,२०६३ को दफा ६७ बमोजिम कम्पनीको दशौं वार्षिक साधारणसभाको सूचना शेयधनीहरुलाई पठाउनुको साथै मिति २०८०/१२/०८ र २०८०/१२/०९ को राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । साथै उपस्थित शेयरधनी महानुभावहरुलाई आर्थिक वर्ष २०७९/०८० को वार्षिक लेखापरीक्षण प्रतिवेदन एवं आर्थिक वित्तीय विवरणहरु उपलब्ध गराईएको थियो ।

४. **छलफलको विषय :**

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. आ.व.२०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात र आ.व.२०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु.३६,८१,४३,०००/-(अक्षरेपी छत्तिस करोड एकासी लाख त्रिचालिस हजार मात्र) को०.११६९%(प्रतिशत)ले हुन आउने रकम ४,३०,३५९.१७ (अक्षरेपी चार लाख तिस हजार तिन सय उनन्साठी रुपैया सत्र पैसा मात्र)(कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**<u>विशेष प्रस्तावहरु :</u>**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३६,८१,४३,०००/-(अक्षरेपी छत्तिस करोड एकासी लाख त्रिचालिस हजार मात्र) को २.२२११% (प्रतिशत)ले हुन आउने रकम रु.८१,७६,८२४.१७ (अक्षरेपी एकासी लाख छयहत्तर हजार आठ सय चौबिस रुपैया सत्र पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. कम्पनीको हालको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

(क)कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजीलाई वृद्धि गरी रु.३७,६३,१९,९००/- (अक्षरेपी सैंतीस करोड त्रिसठ्ठी लाख उन्नाइस हजार नौ सय मात्र)पुर्याउने सम्बन्धमा ।

३. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्ध-पत्र/नियमावलीमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४. विविध ।

५. उपस्थिति

**५.१ सभामा उपस्थित सञ्चालकहरु :**

| | |
|---|---|
| **श्री बसन्त चन्द्र मरहट्टा** | -सञ्चालक अध्यक्ष |
| **डा.तारा प्रसाद पोखेल** | -सञ्चालक-सदस्य |
| **श्री गोरे शेर्पा** | -सञ्चालक-सदस्य |
| **श्रीमती फुल्मु शेर्पा** | -सञ्चालक-सदस्य |
| **डा. सुनिल कुमार पोखेल** | -सञ्चालक-सदस्य |
| **श्री रघुनाथ कुँईकेल** | -सञ्चालक-सदस्य |
| **श्री प्रविण अर्याल** | -सञ्चालक-सदस्य |

**५.२ अन्य पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| १.श्री विनय चिपालु | - कम्पनी सचिव |
| २.श्री मिलन अर्याल | - लेखा तथा प्रशासन अधिकृत |
| ३.श्री अर्जुन खड्का | -सहायक रजिष्ट्रार,कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर |
| ४.श्री विक्की रौनियार र श्री जोगमेहर श्रेष्ठ | -(जे.एस.एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्टस्का प्रतिनिधिहरु) |
| ५.अधिवक्ता अधिवक्ता बद्री विशाल घिमिर | -कानूनी सल्लाहकार |
| ६.अधिवक्ता अधिवक्ता आकृती कटुवाल | -परिपालन अधिकृत |

**५.३ शेयरधनीहरुको उपस्थित**

| | |
|---|---|
| १. स्वयम उपस्थित हुने शेयरधनीहरुको संख्या | - ८५ |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या | - १३ |
| ३. जम्मा उपस्थिति संख्या | - ९८ |

**६.गणपुरक संख्या(कम्पनी ऐन,२०६३ को दफा ७३ अनुरुप) शेयरधनीहरुको उपस्थित :**

| उपस्थिति | प्रतिनिधित्व | | प्रतिशत |
|---|---|---|---|
| | शेयरधनी | शेयरकित्ता | शेयर संख्या |
| स्वयं उपस्थिति | ८५ | १७०५०४३ | ४६.३१% |
| प्रोक्सी मार्फत | १३ | ४५४४६४ | १२.३४% |
| जम्मा उपस्थिति | ९८ | २१५९५०७ | ५८.६६% |

७. **सभाको वैधानिकता र सभाको अध्यक्षता**

७.१ कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५०% (प्रतिशत) भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयधनीहरुको संख्या ९८ भएको र कुल बाँडफाँड भएको ३६८१४३० शेयरको ५८.६६%(प्रतिशत) प्रतिनिधित्व भएको हुँदा कार्यक्रम सञ्चालक तथा कम्पनीका परिपालन अधिकृत अधिवक्ता आकृती कटुवालज्यूले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कानून अनुसार सभा वैधानिक भएको जनाकारी गराउनु भयो ।

७.२ कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री बसन्त चन्द्र मरहट्टाज्यूले गर्नु हुने सम्बन्धमा कम्पनीका परिपालन अधिकृत अधिवक्ता आकृती कटुवालले जानकारी गराउँदै ११:०० बजे अध्यक्ष श्री बसन्त चन्द्र मरहट्टाज्यूको अध्यक्षतामा कम्पनीको सभा शुरु गर्न कम्पनीको परिपालन अधिकृत अधिवक्ता आकृती कटुवालज्यूलाई अनुमति दिनु भए बमोजिम अधिवक्ता आकृती कटुवालज्यूले सभालाई सञ्चालन गर्नु भयो ।

८. **स्वागत मन्तव्य :**

कम्पनीका सञ्चालक सदस्य श्री श्री बसन्त चन्द्र मरहट्टाज्यूले यस साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई स्वागत अभिवादन गर्दै कम्पनीको काम कारवाही तथा कम्पनीको भावी योजनाको सम्बन्धमा छोटकरीमा प्रकाश पार्दै दशौं वार्षिक साधारणसभाको सफलताको लागि देखाउनु भएको अभिरुची सराहनीय भएको भन्दै स्वागत मन्तव्य दिनु भएको थियो ।

९. **दशौं वार्षिक प्रतिवेदनको प्रस्तुति :**

९.१. सभाको प्रारम्भको क्रममा आ.व. २०७९/०८० को सञ्चालक समितिको लिखित प्रतिवेदन अध्यक्षज्यूले सभा समक्ष पढेर सुनाउनु भयो ।

९.२. तत्पश्चात् आ. व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गरीयो ।

१०. **छलफलका लागि आव्हान र सहभागी शेयरधनीहरु :**

१०.१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आयोजना निर्माणको प्रगति प्रतिवेदन तथा कम्पनीको आ. व.२०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण उपर कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनीका परिपालन अधिकृत अधिवक्ता आकृती कटुवालज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात श्री पेम्वा शेर्पाज्यू, श्री अमिर दास रंजितज्यू, र श्री अमृत खड्काज्यू लगायतका शेयरधनी महानुभावहरुले छलफलका क्रममा गर्नु भएको प्रश्न तथा जिज्ञासाहरुको सभाअध्यक्ष, तथा सम्बन्धित पदाधिकारीहरुले चित्त बुझ्दो जवाफ दिनु भएको थियो ।

११. **सभाको निर्णय :**

आजको सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको अमूल्य सुझाव, सल्लाहलाई कम्पनीले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिन सभाका अध्यक्ष श्री बसन्त चन्द्र मरहट्टाज्यूले सभा समक्ष अनुरोध गर्नु भयो ।

**१). सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.ब. २०७९/०८०को प्रतिवेदन पारित गर्ने ।**

अध्यक्षज्यूको मन्तव्य तथा दशौं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट आ.ब. २०७९/०८० को प्रतिवेदन अनुमोदनका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

**२). आ. व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात र आ. व. २०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात, २०७९ श्रावण १ गते देखि २०८० साल आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरु पारित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको परिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ती गरी निजको पारिश्रमीक निर्धारण गरीयोस् भनि लेखा परिक्षण समितिबाट सिफारिश भै आएका जे.एस.एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेटस्ले आ.व.०८०/०८१ को लेखापरिक्षण गर्न मिल्ने नै हुँदा लेखापरीक्षकमा जे.एस.एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेण्टस्लाई पुन. नियुक्ती गर्ने र पारीश्रमिकको हकमा रु.१,००,०००/- (अक्षरेपी एक लाख मात्र)(मू.अ.कर बाहेक) निर्धारण गर्ने निर्णय पारित गरियो ।

**४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३६,८१,४३,०००/- (अक्षरेपी छत्तिस करोड एकासी लाख त्रिचालिस हजार मात्र)को ०.११६९ %(प्रतिशत)ले हुन आउने रकम ४,३०,३५९.१७/-(अक्षरेपी चार लाख तिस हजार तिन सय उनन्साठी रुपैया सत्र पैसा मात्र) (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु.३६,८१,४३,०००/-(अक्षरेपी छत्तिस करोड एकासी लाख त्रिचालिस हजार मात्र)को ०.११६९ %(प्रतिशत)ले हुन आउने रकम ४,३०,३५९.१७/-(अक्षरेपी चार लाख तिस हजार तिन सय उनन्साठी रुपैया सत्र पैसा मात्र) (कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३६,८१,४३,०००/-(अक्षरेपी छत्तिस करोड एकासी लाख त्रिचालिस हजार मात्र)को २.२२११ %(प्रतिशत)ले हुन आउने रकम रु. ८१,७६,८२४.१७/- (अक्षरेपी एकासी लाख छयहत्तर हजार आठ सय चौबिस रुपैया सत्र पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सचिंत मुनाफाबाट २०८० असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३६,८१,४३,०००/-(अक्षरेपी छत्तिस करोड एकासी लाख त्रिचालिस हजार मात्र)को २.२२११ %(प्रतिशत)ले हुन आउने चुक्ता रकम रु. ८१,७६,८२४.१७/- (अक्षरेपी एकासी लाख छयहत्तर हजार आठ सय चौबिस रुपैया सत्र पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**६) कम्पनीको हालको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**

(क) **कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजीलाई वृद्धि गरी रु. ३७,६३,१९,९००/- (अक्षरेपी सैंतीस करोड त्रिसठ्‌टी लाख उन्नाइस हजार नौ सय मात्र) पुर्‍याउने सम्बन्धमा ।**

कम्पनीको हालको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र को दफा ६(ख)मा संशोधन गर्ने सम्बन्धमा ।

ऐ दफा६(ख) कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजीलाई वृद्धि गरी रु. ३७,६३,१९,९००/-(अक्षरेपी सैंतीस करोड त्रिसठ्‌टी लाख उन्नाइस हजार नौ सय मात्र)पुर्‍याउने सम्बन्धमा प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

७) **कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्ध-पत्र/नियमावलीमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्ध-पत्र/नियमावलीमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

१२. **कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम छलफल र निर्णय :**

कम्पनी ऐन २०६३ को दफा ७४ मा उल्लेख भए बमोजिम यस कम्पनीको दशौं वार्षिक साधारणसभाको अध्यक्षता कम्पनीका सञ्चालक अध्यक्ष श्री बसन्त चन्द्र मरहट्टाज्यूले गर्नु भएको र साधारणसभामा छलफल गरिने भनि सुचना गरीएको सबै विषयहरु प्रस्तावको रुपमा सभा समक्ष पेश गर्नु भएको र उक्त सर्म्पूण प्रस्तावहरु सभाले सर्वसम्मतिबाट पारित गरेको सभाका अध्यक्षज्यूले घोषणा गर्नुभयो ।

**धन्यवाद ज्ञापन सभा विसर्जन** :

सभा-अध्यक्षज्यूको सहमति बमोजिम कम्पनीका सञ्चालक सदस्य श्री बसन्त चन्द्र मरहट्टाज्यूले कम्पनीको दशौं वार्षिक साधारणसभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु भएकोमा सबै शेयरधनीज्यूहरु, सञ्चालक समितिका सहकर्मी सदस्यहरु, व्यवस्थापन तथा कर्मचारीहरु, आमन्त्रित व्यक्तिहरु, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो साथै शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्‌भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र दशौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नु भयो ।

..................................... ..................................

कम्पनी सचिव सभा-अध्यक्ष